# स्थानीय राजपत्र

## बागचौर नगरपालिकाबाट प्रकाशित

**खण्डः ६ संख्याः ११ मितिः- २०७९/०४/०१ गते**


### भाग-२

## बागचौर नगरपालिका

# बागचौर नगरपालिका शिक्षा परामर्श समिति गठन सम्बन्धि कार्यविधि २०७९

**नगरसभाबाट स्वीकृत मितिः २०७९/०३/३०**

**प्रस्तावनाः**

यस बागचौर नगरपालिका अन्तरगतका विद्यालयहरुको शैक्षिक, भौतिक, व्यवस्थापकिय पक्ष, आर्थिक अवस्था, लगायत समग्र शैक्षिक अवस्थाको पहिचान तथा शैक्षिक सुधारका लागि परामर्श समिति गठन गरी सुधारका उपायहरु पत्ता लगाउन आवस्यक देखिएकोले यस बागचौर नगरपालिकाको शिक्षा ऐन पहिलो संसोधन २०७९ को परिच्छेद १० को दफा ६३ अनुसार यो शिक्षा परामर्श समिति गठन सम्बन्धि कार्यविधि बनाइएको छ ।

## परिच्छेद- १

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम शिक्षा परामर्श समिति गठन कार्यविधि २०७९ रहेको छ ।

(ख) यो कार्यविधि यस नगरपालिका नगरसभाको निर्णय पश्चात तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः**

१. " शिक्षक" भन्नाले प्र.अ. तथा बालविकास सहजकर्तालाइ समेत जनाउछ ।

२. "कर्मचारी" भन्नाले नगरपालिकाको शिक्षा शाखाका कर्मचारी र कर्मचारीको रुपमा काजमा आएका शिक्षकलाइ समेत जनाउछ ।

३. "आधारभत तथा माध्यमिक विद्यालय" भन्नाले बाल विकास कक्षा देखि बक्षा १२ सम्म संचालित विद्यालयलाइ सम्झनु पर्छ ।

४. "विज्ञ समुह तथा रोष्टर" भन्नाले नगरपालिकामा निरीक्षण अनुगमन गर्न बनेको समुहलाइ जनाउछ ।

५. "समिति" भन्नाले शिक्षा परामर्श समितलाइ जनाउछ ।

६. "संयोजक" भन्नाले शिक्षा परामर्श समितिको संयोजक भन्ने बुझाउछ ।

**३. लक्ष्यः**

यस बागचौर नगरपालिका अन्तरगतका आधारभुत तह देखि माध्यमिक तह सम्मका विद्यालयहरुको व्यवस्थापन, भौतिक सुविधा

विस्तार, गुणस्तर अभिबृद्धि, शिक्षा क्षेत्रको विकास, बालबालिकाको सिकाइ सुधार, नगरपालिकाको शिक्षासंग सम्बन्धित समस्याहरुको निराकरणका लागि आवस्यक परामर्श, राय सुझाव दिनु यस समितिको लक्ष रहने छ।

## परिच्छेद- २

### ४. समितिको गठन, काम कर्तव्य र अधिकारः

**(क) समितिको गठन विधिः**

(१) स्थानिय बुद्धिजिवि, शिक्षाविद, निबृत शिक्षक, शिक्षाको निबृत कर्मचारी मध्यबाट नगर शिक्षा समितिका अध्यक्षले तोकेको संयोजक

(२) नगरपालिका सामाजिक समितिको संयोजक/कार्यपालिका सदस्य बाट सदस्य

(३) आधारभूत तह तथा माध्यमिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु मध्य बाट कम्तमि १ जना महिला/दलित/जनजाती शिक्षक पर्नेगरी नगर शिक्षा समितिले मनोनित गरेको ४ जना सदस्य

(४) बागचौर नगपालिकाका शिक्षक/कर्मचारीबाट शिक्षा परामर्श समितिले तोकेको १ जना सदस्य सचिव

(५) आवश्यक देखिएमा समितिको बैठकमा नगरपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, प्रमुख शिक्षा अधिकृत, नगरपालीका सचिवालयको बिज्ञ तथा अन्य आवस्यक व्यक्तिहरुलाइ आमन्त्रीतको रुपमा बोलाउने ब्यवस्था गर्न सकिने छ ।

**(ख) समितिको काम कर्तव्य र अधिकार:**

(१) नगरपालिका अन्तरगतका सम्पूर्ण शैक्षिक संस्थाहरुको स्थलगत अध्ययण, अनुगमन गर्ने।

(२) शिक्षासंग सम्बन्धित प्राप्त भएका विवरणहरु व्यवस्थित तरीकाले अध्यावधिक गर्ने।

(३) विद्यालयका भौतिक सुविधाहरु, आर्थिक, शैक्षिक अवस्था पहिचान गरी विद्यालयहरुको आवस्यक्ताको विवरण तयार गर्ने।

(४) नगरपालिकाका विद्यालयहरुमा आवस्यक पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामाग्रीहरुको उपलब्धताको स्थिति पहिचान गर्ने।

(५) प्रत्येक शैक्षिक सत्रका लागि विद्यालय स्थापना गर्न, सार्न, गाभ्ना, तह घटाउन, बढाउन आवस्यक देखिएका विषयमा विवरण तयार गरी नगर शिक्षा समितिमा पेश गर्ने।

(६) नेपाल सरकार तथा नगरपालिकाबाट विद्यालयलाइ प्रदान गरेको रकम निर्धारित शिर्षकमा खर्च भए नभएको विषयमा अध्ययण गरी नगर शिक्षामा विवरण पेश गर्ने।

(७) नगर स्तरीय तथा वडा स्तरीय परिक्षाको अवस्थाको अध्ययण गरी सुधारका उपायहरुको विषयमा परिक्षा समितिलाइ राय सुझाव दिने।

(८) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परिक्षण समितिको अवस्था काम कारबाहिका विषयमा अध्ययण गरी आवस्यक राय सुझाव दिने।

(९) बालविकास कक्षा संचालनको अवस्था, सामुदायिक सिकाइ केन्द्रको अवस्था र ति संस्थाहरुको सुधारका विषयमा शिक्षा समितिलाइ आवस्यक सुझाव दिने।

(१०) शिक्षकहरुको कार्यसम्पादन, आचरण, नियमितिता जस्ता आधारहरुको तर्जुमा गरी शिक्षकलाइ पुरस्कार, प्रोत्साहन, सहितका लागि नगर शिक्षा समितिमा पेश गर्ने।

(११) नगर शिक्षा समिति वा नगर कार्यपालिकाको निर्णयानुसारका आवस्यक ठानी खटाएका अन्य काम गर्ने।

(१२) विद्यालयमा सामाजिक परिक्षणको स्थिति, लेखा परिक्षणको अवस्था आदिको आधारमा आर्थिक पारदर्शिता, निति नियम अनुसार सम्बन्धित विषयमा खर्च भए नभएका विषयमा नगरपालिका सम्बन्धित वि.व्य.स. लाइ सुझाव दिने।

१३) बालमैत्री व्यवहार र पठनाठनको अवस्था पहिचान गरी आवस्यक सुझाव दिने।

(१४) नगरपालिकाका शिक्षासंग सम्बन्धित ऐन नियमावली कार्यविधिमा आवस्यक संसोधन सम्बन्धमा आवस्यक राय सल्लाह दिने।

१५) यस समितिको निरीक्षण अनुगमन, अवलोकन, अध्ययणबाट प्राप्त विवरण अध्यावधिक र व्यवस्थित गर्ने जिम्मेवारी नगर शिक्षा शाखाका कर्मचारी वा समितिको सदस्य सचिवको रहनेछ।

**५. बैठक सम्बन्धि व्यवस्थाः**

(क) बैठकको अध्यक्षता समिति संयोजकले गर्ने छ।

(ख) समितिको बैठक महिनामा कम्तीमा १ पटक वस्नेछ र वर्षभरीमा १२ पटक भन्दा बढि वस्न सक्ने छैन।

(ग) बैठकका विषयवस्तुहरुको निर्णय सकेसम्म सर्बसम्मत पारीत गर्नुपर्नेछ।

(घ) बैठकका अन्य आवस्यक कार्यविधि समिति आफै निर्धारण गरी लागु सक्नेछ।

(ङ)) समितिको बैठक संयोजकको अनुमतिले सदस्य सचिवले बोलाउने छ।

**६.निरीक्षण अनुगमन तथा स्थलगत अध्ययण सम्बन्धि व्यवस्थाः**

(क) समितिका पदाधिकारीहरुले सामुहिक वा एकल रुपमा महिनामा कम्तीमा एउटा वडाका सबै शैक्षिक संस्थाहरुको अनुगमन, निरीक्षण, अध्ययण गर्नु पर्ने छ।वर्षभरीमा सबै वडाका सबै विद्यालय शैक्षिक सस्थाको अनुगमन, निरीक्षण, अध्ययण पुरा गर्नु पर्नेछ।

(ख) कुनै विद्यालयको वा वडाका विद्यालयहरुको तत्काल अनुगमन गर्न आवस्यक ठानी नगर शिक्षा समितिले खटाएमा ती वडाको निरीक्षण अनुगमन गरी प्रतिवेदन बुझाउनु पर्नेछ।

(ग) नगर शिक्षा समितिका अध्यक्ष वा शिक्षा अधिकृतले विद्यालय निरीक्षण गर्दा आवस्यक्ताको आधारमा समितिका संयोजकले आफ्नो सहभागिता जनाउनु पर्नेछ।

**७. प्रतिबेदन सम्बन्धि व्यवस्थाः**

(क) स्थलगत निरीक्षण अनुगमन, अध्ययणको विवरण समितिमा अध्यावधिक गरी अगिल्लो महिनामा प्राप्त विवरणको आधारमा

दोस्रो महिनाको पहिलो हप्तामा बैठक वसी १५ गतेसम्म समितिको प्रतिवेदन समितिको संयोजकले नगर शिक्षा समितिमा पेश गर्ने व्यवस्था गर्नुपर्नेछ।

(ख) हरेक शैक्षिक सत्रको जेष्ठ १५ गते भित्र बार्षिक प्रतिवेदन तयार गरी नगर शिक्षा समितिमा पठाउनु पर्नेछ।

**८. आर्थिक व्यय सम्बन्धि व्यवस्थाः**

(क) समितिलाइ आवस्यक पर्ने लजीस्टीक सामाग्रीहरु नगर शिक्षा शाखाको संयोजनमा व्यवस्था गरीने छ।

(ख) समितिका पदाधिकारीहरुको बैठक भत्ता, विद्यालय निरीक्षणको दैनिक भ्रमण भत्ता तथा खाजा खर्च नगरपालिकाको निर्णयानुसार हुनेछ।

**९. समितिको कार्यावधि सम्बन्धिः**

(क) सामान्यतया समितिको कार्यावधि नगरपालिकाले कार्यविधि पास गरी लागु गरेको मितिले ३ वर्ष रहने छ।

(ख) समितिको कार्य सन्तोषजनक नरहेको पाइएमा नगर शिक्षा समितिको निर्णय अनुसार विगठन गर्न सकिनेछ।

## परिच्छेद- ३

**१०. संसोधन तथा खारेजिः** यो कार्यविधिका बुदाहरु संघिय शिक्षा ऐन नियमावली, प्रदेश शिक्षा ऐन नियमावली अनुसार नियम विपरित रहेको खण्डमा संसोधन तथा खारेज गर्न बाधा पर्ने छैन।

आज्ञाले
अनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत